## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**घरेलु मदिरा उत्पादन तथा बजारीकरण कार्यविधि, २०८१**

# स्थानीय राजपत्र

खण्ड:५ संख्या: ४४ मिति: २०८१/०१/१४

**भाग-२**

**गण्डकी गाउँपालिका**

गण्डकी गाउँपालिका द्धारा घरेलु मदिरा उत्पादन नियन्त्रण तथा बजारीकरण गर्नका लागी घरेलु मदिरा उत्पादन,नियन्त्रण,व्यवस्थापन तथा नियमन ऐन,२०७८ बमोजिम निर्माण गरिएको कार्यविधि

आज्ञाले,

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

# घरेलु मदिरा उत्पादन तथा बजारीकरण कार्यविधि, २०८१

## परिच्छेदः१

गण्डकी गाउँपालिका भित्र विभिन्न स्थानमा घरेलु, धार्मिक तथा अन्य प्रयोजनका लागी घरेलु मदिरा उत्पादन भईरहेकोमा सोलाई व्यवस्थित गरि होमस्टेमा आउने पाहुनाहरुलाई घरेलु मदिरा सफा, सुरक्षित तथा व्यवस्थित तरिकाले उत्पादन गरी घरेलु उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिका भित्र रहेका होमस्टेहरुलाई लक्षित गरी यस कार्यविधि निर्माण गरिएको छ ।

**१.१ प्रारम्भ र संक्षिप्त नाम:**

क) यो कार्यविधिको नाम घरेलु मदिरा उत्पादन तथा बजारीकरण कार्यविधि, २०८१, रहेको छ ।

ख) यो कार्यविधि गण्डकी गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशित मितिबाट प्रारम्भ हुनेछ।

ग) यो कार्यविधि गण्डकी गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेदः२

**२.१ विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,**

क) “गाउँपालिका "भन्नाले गण्डकी गाउँपालिकालाई जनाउँछ।
ख) “अध्यक्ष” भन्नाले गण्डकी गाउँपालिका अध्यक्षलाई बुझ्नु पर्दछ।
ग) “समिति” भन्नाले घरेलु मदिरा अनुगमन तथा सञ्चालन समितिलाई सम्झनु पर्दछ।
घ) “होमस्टे”भन्नाले गण्डकी गाउँपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका होमस्टेलाई सम्झनु पर्दछ।

**२.२ कार्यक्रमको उद्देश्य:**

क) बढ्दो जथाभावी घरेलु मदिरा उत्पादन तथा बिक्रि बितरणलाई नियन्त्रण गर्ने ।
ख) स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने।
ग) गाउँपालिकामा सञ्चालित होमस्टेहरुको बजारीकरणमा सहयोग गर्ने ।

घ) घरेलु मदिरा उत्पादनलाई व्यवस्थित तथा नियन्त्रण गरी गाउँपालिका वासीको आर्थिक स्थिती उत्थानमा सहयोग गर्ने।

**२.३ लाभान्वित क्षेत्र:**

गण्डकी गाउँपालिका भित्र होमस्टे सञ्चालन गरिरहेका समुहहरु तथा होमस्टे लाई सप्लाई गर्ने गरी अन्य ईच्छुक महिला समुहहरु वा अन्य समुहहरु।

## <u>परिच्छेदः३</u>

## ३.१ घरेलु मदिरा उत्पादन र बजारीकरण सम्बन्धी व्यवस्था:

घरेलु मदिरा उत्पादन सञ्चालन गर्दा तपशिल बमोजिमको अधिनमा रही गर्नुपर्नेछ :

- प्रचलित नियम कानुनले तोकेको भन्दा बढी परिमाणमा उत्पादन गर्न पाईने छैन ।
- स्वीकृत मापदण्ड भन्दा बढी परिमाणमा उत्पादन नगर्न तथा गुणस्तरमा ध्यान दिनु पर्नेछ।
- घरेलु मदिराको गुणस्तरका विषयमा गाउँपालिका स्तरिय अनुगमन समिती तथा होमस्टेका पदाधिकारीहरुको बिचमा छलफल गरि निर्धारण हुनेछ ।
- यस कार्यविधिले गठित समितीद्धारा निर्धारण गरीएको गुणस्तर होमस्टे द्धारा अवलम्बन गरिएको नपाईएमा अनुदान रोक्का तथा आवश्यक कारबाही समेत सिफारिस गर्न सक्नेछ ।
- घरेलु मदिरा उत्पादन गर्दा सामुहिक रुपमा सामुदायिक भवन वा कुनै फरक स्थानमा सुरक्षित रुपमा उत्पादन गर्नु पर्नेछ ।
- उत्पादन क्षेत्रमा फोहोर व्यवस्थापन गर्दा नजिकको समुदायमा असर नपर्ने गरी गर्नु पर्नेछ ।
- यस कार्यविधि बमोजिम गाउँपालिका भित्र सञ्चालित होमस्टे भन्दा अन्यका हकमा यस कार्यविधि बमोजिम घरेलु मदिरा उत्पादनका लागि स्वीकृति प्रदान गरेको मानिने छैन।
- हरेक होमस्टेले घरेलु मदिरा उत्पादन तथा नियमनका लागी देहायबमोजिमको एक घरेलु मदिरा उत्पादन तथा नियमन समिती तयार गर्नु पर्नेछ :

  १. सम्बन्धित होमस्टे अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधी : संयोजक

  २. सम्बन्धित वडाका वडा अध्यक्षले तोकेको एक वडा सदस्य : सदस्य

  ३. घरेलु मदिरा उत्पादन गर्ने होमस्टेका महिलाहरु मध्यबाट तिन जना : सदस्य

## परिच्छेदः ४

### ४.१ घरेलु मदिरा उत्पादन र बजारीकरण अनुगमन समिति:

गाउँपालिकाका वडाहरुमा होमस्टे द्धारा निश्चित परिमाणमा उत्पादित घरेलु मदिराको गाउँपालिका स्तरिय अनुगमनका लागी एक अनुगमन तथा व्यवस्थापन समिती रहनेछ ।

- सम्बन्धित वडाका अध्यक्ष – संयोजक
- गाउँपालिका अध्यक्ष द्धारा मनोनित एक कार्यपालिका सदस्य - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत- सदस्य
- प्रमुख प्रशासकिय अधिकृतले तोकेको एक अधिकृत स्तरको कर्मचारी- सदस्य

## परिच्छेदः५

### ५.१ बजेट सम्बन्धी व्यवस्था:

गण्डकी गाउँपालिका द्धारा निम्न बमोजिम क्षेत्रमा होमस्टे द्धारा उत्पादित घरेलु मदिरा उत्पादनमा बजेट बिनियोजन गरिनेछ।

क. कोदो खरिदमा प्रति के.जी. २५ प्रतिशत अनुदान

ख. घरेलु मदिरा उत्पादन गर्ने भाडाहरुमा अनुदान

ग. बोटलिङ सप्लाईमा अनुदान

घ. कार्यपालिका द्धारा निर्णय भएमा अन्य कुनै थप क्षेत्रमा अनुदान

५.२. सामाग्री तथा बोटलिङ अनुदानमा अधिकतम ८० प्रतिशत सम्म अनुदान प्रदान गरिनेछ भने होमस्टेबाट २० प्रतिशत लागत साझेदारी हुनेछ ।

## परिच्छेदः६

### ६.१ भुक्तानी सम्बन्धी व्यवस्था:

- होमस्टे वा होमस्टेलाई सप्लाई गर्ने हिसाबले महिला समुह द्धारा निर्णय भई कार्यलयमा निवेदनसाथ समुह दर्ता हुनु पर्नेछ ।

- समुह द्धारा यस कार्यविधिमा निर्धारण गरिए बमोजिमका शर्तहरुको अधिनमा रही गाउँपालिका सँग सम्झौता हुनेछ ।
- सम्झौता पछि समुहको निर्णयमार्फत माग गरिएका सामाग्री तथा अनुदानहरुमा गाउँपालिका द्धारा निर्धारण गरिएको प्रतिशतमा अनुदान वितरण हुनेछ ।
- कार्यक्रम सम्पन्न भए पश्चात होमस्टे तथा वडा समितिको कार्यसम्पन्न सिफारिसमा गाउँपालिका द्धारा सम्बन्धित पक्षलाई भुक्तानी दिईनेछ ।

## परिच्छेद:७

### ७.१ भुक्तानी दिन बाध्य नहुने:

- सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले होमस्टे तथा सम्बन्धित कम्पनिलाई भुक्तानी दिन बाध्य हुने छैन।
- सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा त्यस्ता होमस्टे तथा सम्बन्धित समुहलाई रकम भुक्तानी गरिने छैन।

आज्ञाले
रिजेश उपरकोटी
प्रमुख प्रशासकिय अधिकृत